# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८३।०४।०६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कालिकोट, पलाँता गाउँपालिकाको आ.व. २०७५/०७६ मा बेल्केढुङ्गा लेखनवाडा वडा कार्यालय दुर्सी फागोटी सडक निर्माणको लागि गाउँपालिकामा रकम विनियोजन भएकोमा उक्त निर्माण योजनामा रकम दुरूपयोग गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पलाँता गाउँपालिकाबाट आ.व. ०७५/७६ मा बेल्केढुङ्गा लेखनवाडा वडा कार्यालय दुर्सी फागोटी सडक निर्माणको लागि रू.४०,००,०००/—(चालीस लाख रूपैयाँ) बजेट विनियोजन भई लागत अनुमान स्वीकृत गरी सडक निर्माण उपभोक्ता समिति र पलाँता गाउँपालिका बीच रू.४०,००,०००/- (चालीस लाख रूपैयाँ) मा सम्झौता भई योजना कार्यान्वयन भएको देखिएको, उक्त योजनाको नापी किताब, कार्य सम्पन्न प्रतिवेदन अनुसार ग्याविन जालीसहित ढुङ्गा भर्ने कार्य १,२०० घनमिटर बराबर भएको भनी गाउँपालिकामार्फत उपभोक्ता समितिलाई रू.३८,००,०००/- (अठतीस लाख रूपैयाँ) भुक्तानी गरेको देखिएतापनि आयोगबाट खटि गएको प्राविधिकसमेतको टोलीले स्थलगत नापजाँच गर्दा ९३९.५० घनमिटर मात्र ग्याविन जालीसहित ढुङ्गा भर्ने निर्माण कार्य भएको देखिएकोले नापी किताब तथा कार्यसम्पन प्रतिवेदनमा उल्लेख भएको भन्दा फिल्डमा २६०.५० घनमिटर कम काम भएको देखिंदा यसरी राष्ट्रसेवक कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारी समेतले आफूहरूलाई गैरकानुनी रूपमा लाभ लिने बदनियतले एकआपसको मिलेमतोमा वास्तविक रूपमा फिल्डमा भएको कार्य भन्दा बढी देखाई/देखाउन लगाई झुट्टा बिल, भरपाई बनाई रू.८,०८,६८०/५७ (आठ लाख आठ हजार छ सय असी रुपैयाँ सन्ताउन्न पैसा) बढी भुक्तानी लिने/दिने कार्य गरी नेपाल सरकार एवं सार्वजनिक संस्था पलाँता गाउँपालिकाको सरकारी रकम दुरूपयोग गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कसुर गरेको हुँदा उक्त कसुरमा संलग्न देहायका प्रतिवादीहरूउपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| क्र.स | नामथर पद र कार्यालय | बिगो रू | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | पलाँता गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **राज बहादुर बम** | रू.८,०८,६८०/५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा बिगो रू. आठ लाख आठ हजार छ सय असी रूपैया सन्ताउन्न पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगोसमेत असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | पलाँता गाउँपालिकाका तत्कालीन लेखा प्रमुख **खिमलाल पुन** र तत्कालीन सहायक लेखापाल **मुनी प्रसाद प्याकुरेल** | रू.८,०८,६८०/५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा बिगो रू. आठ लाख आठ हजार छ सय असी रूपैया सन्ताउन्न पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगोसमेत असूल उपर हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| ३. | पलाँता गाउँपालिकाका तत्कालीन सव-इन्जिनियर **विनोद कुमार बम** र सव-इन्जिनियर **नन्द बहादुर सिंह** | रू.८,०८,६८०/५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा बिगो रू. आठ लाख आठ हजार छ सय असी रूपैया सन्ताउन्न पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगोसमेत असूल उपर हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद तथा जरिवाना हुनसमेत मागदाबी लिइएको छ। |
| ४. | पलाँता गाउँपालिकाका तत्कालीन उपाध्यक्ष **दाना न्यौपाने** र वडा नं. ९ का वडा अध्यक्ष **टक्क बहादुर बम** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद तथा जरिवाना हुनसमेत मागदाबी लिइएको छ। |
| ५. | बेल्केढुङ्गा लेखनवाडा वडा कार्यालय दुर्सी फागोटी ग्रामीण सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष **कुम्भ बहादुर बम**, कोषाध्यक्ष **सुलक्षिना बम** र सचिव **कमल बहादुर बम** | रू.८,०८,६८०/५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिमको कसुरजन्य कार्यको गैरकानुनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा बिगो रू. आठ लाख आठ हजार छ सय असी रूपैया सन्ताउन्न पैसा कायम गरी मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगोसमेत असूल उपर हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम मूल कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने